# सहकारी शीत भण्डार निर्माणसम्बन्धी सामान्य मानदण्ड, २०७४

## १. परिचय

कृषिमा आधारित उद्योग, व्यवसायको स्थापना तथा विकास र पूर्वाधार निर्माण कार्यमा नेपाल सरकारको तर्फबाट सहकारी सङ्घसंस्थाहरूलाई विगतदेखि नै अनुदान प्रदान हुँदै आएको छ । शीत भण्डारतर्फ हाल नेपाल सरकार र सहकारी सङ्घसंस्थाको लागत साझेदारीमा चितवन र स्याङ्जामा दुइटा आयोजना निर्माणाधीन अवस्थामा रहेका छन् । चालु आ. व. (२०७४/७५) को वार्षिक बजेट तथा कार्यक्रममा सप्तरी, मकवानपुर, नवलपरासी, दाङ र सुर्खेतमा समेत शीत भण्डार निर्माणको कार्य समावेश भएको छ, जुन विनियोजन ऐन, २०७४ को दफा ५ बमोजिम सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गर्ने गरी नेपाल सरकार सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट निर्णय भएको छ । तदनुसार पूर्वतयारी, सङ्गठन, स्रोत परिचालन, निर्माण र सञ्चालनसँग सम्बन्धित पक्षहरूमा स्पष्ट पारी समयमै आयोजना सम्पन्न गर्न सघाउ पुगोस् भनी सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ अन्तर्गतको  निर्देशन समितिबाट सिफारिस भएबमोजिम नेपाल सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट यो मानदण्ड बनाइएको छ ।

## २. सङ्गठन

जिल्ला सहकारी सङ्घको समन्वयमा जिल्लाभित्रका सेवा उपयोगकर्ता सहकारी सङ्घसंस्थाहरूको सहभागितामा सहभागी सङ्घसंस्थाहरूको स्वामित्व र व्यवस्थापनमा शीत भण्डार निर्माण र सञ्चालन गरिनेछ ।

## ३. पूर्वतयारी

सहकारितामा आधारित भएर शीत भण्डार निर्माण गर्दा सम्बन्धित सङ्घसंस्थाले देहायका आधारभूत कार्यहरू पूरा गरेको हुनुपर्दछ :-

(क) शीत भण्डार निर्माणका लागि आवश्यक पर्ने जग्गा सम्बन्धित सङ्घसंस्थाको स्वामित्वमा वा निर्बाध भोगाधिकार प्राप्त भएको हुनुपर्दछ;

(ख) जग्गाको क्षेत्रफल कम्तीमा १० रोपनी हुनुपर्दछ र सहकारी सदस्यको उत्पादन स्थलबाट भण्डार गरिने उपज ल्याउने वा पछि बजारसम्म लैजाने ढुवानी लागत कम्ती पर्ने गरी पायकमा जग्गाको व्यवस्था गर्नुपर्दछ;

(ग) शीत भण्डार निर्माणको विस्तृत सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ;

(घ) शीत भण्डार निर्माणको कार्यान्वयन तथा लागत जुटाउनका लागि सम्बन्धित सङ्घसंस्थाबाट आपसमा परामर्श गरी प्रतिबद्धता सुनिश्चित गर्नुपर्दछ र

(ङ) सेवा उपयोग, लाभ वितरणसमेतको सहकारी ढाँचामा शीत भण्डार सञ्चालन कार्यविधि बनाएको हुनुपर्दछ ।

**४. प्राविधिक विवरण**

शीत भण्डार स्टिल फ्रेम प्रविधिमा बनाउने गरी व्यावसायिक सम्भाव्यताअनुसार ३,००० मेट्रिक टनसम्म क्षमताको हुन सक्नेछ ।

**५. अनुदान बजेटको व्यवस्था**

शीत भण्डार निर्माणतर्फ चालु आ. व. (२०७४।७५) का लागि विनियोजित बजेट कार्यक्रमसँगै सम्बन्धित स्थानीय तहमा हस्तान्तरण गरी एलएमबीआईएस प्रणलीमा प्रविष्टिसमेत भइसकेको छ । ससर्त अनुदानको रूपमा उक्त रकम सम्बन्धित स्थानीय तहले यस मानदण्डबमोजिम सहकारी शीत भण्डार निर्माणमा उपयोग गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएपछि खरिद योजनाअनुसार आगामी आ. व. का लागि आयोजना सम्पन्न गर्न निर्माणतर्फ र मेसिनरीतर्फ समेत आवश्यक रकमको ६० प्रतिशत सम्बन्धित स्थानीय तहले २०७४ चैत २० गतेभित्रै अर्थ मन्त्रालयमा ससर्त अनुदानमा समावेश गरिदिन प्रस्ताव गरी सोको जानकारी प्रदेश सहकारी मन्त्रालयका साथै सहकारी तथा गरिबी निवारण मन्त्रालयमा समेत दिन सक्नेछ ।

**६. अनुदानको उपयोग**

पूर्वतयारी पूरा गरेपछि शीत भण्डार निर्माणका लागि सम्बन्धित स्थानीय तहबाट कार्यारम्भ गर्न सम्बन्धित जिल्ला सहकारी सङ्घसँग सम्झौता गरी सहमति प्रदान गर्न सकिनेछ । अनुदानको उपयोगका लागि सम्बन्धित जिल्ला सहकारी सङ्घले देहायका प्रक्रियाहरू पूरा गर्नुपर्दछ :-

(क) शीत भण्डार निर्माणको प्राविधिक लागत अनुमान, डिजाइन, बोलपत्र कागजात तयारी, निरीक्षण, मूल्याङ्कनलगायतको कार्यका लागि सम्बन्धित प्राविधिकसँग प्राविधिक परामर्श सेवा प्राप्तिका लागि सम्झौता गर्ने;

(ख) प्रचलित कानुनबमोजिम शीत भण्डार निर्माणको वातावरणीय प्रभाव लेखाजोखा वा प्रारम्भिक वातावरणीय परीक्षण गराई प्रतिवेदन तयार गरी स्वीकृत गराउने;

(ग) निर्माण लागत जुटाउनका लागि आफ्ना सदस्य सङ्घसंस्थाहरूलाई आव्हान गरी बैङ्क खातामा रकम जम्मा गर्ने;

(घ) लागत साझेदारी रकम सुनिश्चित गर्नका लागि सम्बन्धित संस्थाको साधारण सभाबाट निर्णय गरिएको हुनुका साथै सोको आधारमा जिल्ला सहकारी सङ्घले साधारण सभाबाट निर्णय गरेको हुनुपर्ने;

(ङ) जम्मा लागत (प्राविधिक सेवासमेत) को ६० प्रतिशतमात्र अनुदान प्राप्त हुने र बाँकी ४० प्रतिशत लागत सम्बन्धित सङ्घसंस्थाले नै बेहोर्नुपर्ने;

(च) सङ्घसंस्थाले बेहोर्ने ४० प्रतिशत रकमका हकमा यदि पूरै रकम जुटाउन नसकिने अवस्था भएमा कम्तीमा २० प्रतिशत लागत रकम सङ्घसंस्थाले नै बेहोर्ने व्यवस्था गरी बाँकी २० प्रतिशत रकम राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैङ्क र प्रदेश सहकारी मन्त्रालय वा स्थानीय तहको थप शेयर सहभागिता/अनुदान/ऋण प्राप्त गरी जुटाउन सकिने;

(छ) सङ्घले प्राविधिकबाट तयार गरिएको लागत अनुमान, डिजाइन र बोलपत्रसम्बन्धी कागजातका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम प्रतिस्पर्धात्मक खरिद प्रक्रिया अवलम्बन गरी निर्माण कार्य गराउनुपर्ने;

(ज) सङ्घले निर्माण व्यवसायीसँग सम्झौता गरिसकेको जानकारी प्राप्त भएपछि सम्बन्धित स्थानीय तहबाट निर्माण व्यवसायीले कबोल गरेको रकमको ६० प्रतिशत रकमको सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम मोबिलाइजेसन पेश्कीबापत उपलब्ध गराउन सकिने रकम पेश्की दिन सकिने;

(झ) शीत भण्डार निर्माण आयोजना बहुवर्षीय रूपमा साधारणतया (दुई वर्षभित्र) सम्पन्न गर्ने गरी व्यवस्था गर्नुपर्ने र

(ञ) अनुदान उपयोगसम्बन्धी अन्य व्यवस्था सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ बमोजिम हुने ।

## ७. निर्माण चरण

(क) जिल्ला सहकारी सङ्घले निर्माण व्यवसायीबाट निर्माण कार्यको विस्तृत कार्ययोजना लिनुपर्दछ;

(ख) सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सम्बन्धित निर्माण व्यवसायीलाई मोबिलाइजेसन पेश्की उपलब्ध गराउन सकिनेछ;

(ग) निर्माण कार्यको प्राविधिक मूल्याङ्कन प्रतिवेदनका आधारमा तोकिएको लागत साझेदारीको अनुदान रकम (प्राविधिक टेवाको रकमसमेत) उपलब्ध गराइनेछ;

(घ) कार्यसम्पन्न भई कार्य स्वीकार प्रतिवेदन, एज बिल्ट नक्शा प्राप्त भएपछि अनुदानबापत पहिला उपलब्ध गराइएको पेश्कीको रकम र निर्माणाधीन अवस्थामा प्राविधिक मूल्याङ्कन प्रतिवेदनका आधारमा उपलब्ध गराइएका रकमहरूको हिसाब गरी बाँकी रकम सम्बन्धित सङ्घलाई उपलब्ध गराइनेछ;

(ङ) सङ्घले निर्माण कार्यको आन्तरिक अनुगमन कार्ययोजनाअनुसार नियमित अनुगमन गरी देखिएका समस्या समयमै समाधान गर्नुपर्दछ;

(च) निर्माण कार्य सञ्चालन गर्दा वातावरणीय प्रभाव लेखाजोखाको प्रतिवेदनका व्यवस्थालाई पालना गर्नुपर्दछ र

(छ) निर्माण कार्यको नियमित अनुगमन गर्नुपर्दछ ।

**८. सञ्चालन व्यवस्था**

(क) सङ्घले माथि ३ (ङ) मा उल्लेख भएबमोजिम सञ्चालन योजना तयार गरी निर्माण सम्पन्न हुनासाथै शीत भण्डार सञ्चालनको व्यवस्था मिलाउनुपर्दछ;

(ख) शीत भण्डारमा सदस्य संस्थाहरूका सदस्यहरूबाट उत्पादित उपजमात्र भण्डार गर्नुपर्दछ तथा वर्तमान र भावी सदस्यको उपजको परिमाणका आधारमा शीत भण्डारको क्षमतासमेत कायम गर्नुपर्दछ र

(ग) शीत भण्डारको दिगो सञ्चालनका लागि एक मर्मत सम्भार कोष खडा गर्नुपर्दछ ।

**९. विशेष व्यवस्था मिलाउन सक्ने**

यस मानदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि थाहा नगरपालिकाको हकमा भौगोलिक अवस्थिति तथा व्यावसायिक सम्भाव्यताको विचार गरी जिल्ला सहकारी सङ्घले उक्त नगरपालिकाअन्तर्गतका सेवा उपयोगकर्ता सहकारी संस्थाहरूको सहभागिता रहने गरी सञ्चालनको विशेष व्यवस्था मिलाउनेछ ।

**१०. समन्वय तथा सहकार्य**

शीत भण्डारको निर्माण तथा सञ्चालनका सम्बन्धित स्थानीय तहले त्यसबाट फाइदा पुग्ने जिल्लाभित्रका अन्य स्थानीय तहहरूसँग समन्वय एवं सहकार्य गर्न सक्नेछ।

साथै जिल्ला समन्वय समिति, प्रदेश सहकारी मन्त्रालयसँग समेत समन्वय एवं सहकार्य गर्न सकिनेछ।

**११. सहयोग गर्नुपर्ने**

सहकारी विभागअन्तर्गतका कार्यालयहरूले शीत भण्डार निर्माण, सञ्चालन कार्यविधि तर्जुमालगायतका पक्षमा सम्बन्धित स्थानीय तहबाट सहयोग माग भइआएमा यथाशक्य त्यस्तो सहयोग उपलब्ध गराउनुपर्दछ।

**१२. व्याख्या गर्ने अधिकार**

यो मानदण्डको कुनै व्यवस्थाका सम्बन्धमा द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहनेछ।